निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# स्थानीय तह निर्वाचन इ-बुलेटिन

• वर्ष १ • अङ्क २४ • २०७९ वैशाख २४ गते शनिबार (May 7, 2022)

६
दिन बाँकी

## स्थानीय तह सदस्य निर्वाचन, २०७९

# १७ जिल्लामा आयोगको केन्द्रीय अनुगमन टोली




**काठमाडौँ–**वैशाख ३० गते हुने स्थानीय तह सदस्य निर्वाचन, २०७९ का लागि तुलनात्मकरूपमा बढी मतदाता भएका र सुरक्षालगायतका दृष्टिले संवेदनशील मानिएका विभिन्न जिल्लाका लागि निर्वाचन आयोगले केन्द्रीय अनुगमन टोली खटाएको छ ।

आयोगले नेपाल सरकारका विभिन्न मन्त्रालय र निकायमा कार्यरत सहसचिवको नेतृत्वमा विभिन्न १७ जिल्लामा टोली खटाइएको हो । टोलीले उम्मेदवारको खर्चको सीमा, आचारसंहिताको पालना, मौन अवधिमा आचारसंहिताको पालना, निर्वाचनको विश्वसनीयता र स्वच्छता आदि विषयमा अनुगमनको जिम्मेवारी पाएको छ ।

खटाइएका टोलीलाई शनिबार कान्तिपथस्थित आयोगमा आयोजित अभिमुखीकरण कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले निर्वाचनको व्यवस्थापकीय तयारी भइसकेकाले समग्र पक्ष र आचारसंहिताको कार्यान्वयनको अनुगमन गरी कुनै निर्णय वा कारवाही गर्नुपरेमा त्यस्तो निर्णय वा कारवाही गर्न सक्ने अख्तियारी टोलीलाई दिइएकाले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहीत र विश्वसनीयरुपमा सम्पन्न गर्ने सन्दर्भमा कुनै आग्रह–पूर्वाग्रह नराखी ऐन, कानूनबमोजिम प्रभावकारी अनुगमन गर्न निर्देशन दिनुभयो ।

प्रमुख आयुक्त थपलियाले आचारसंहिताविपरीत दल र उम्मेदवारले झण्डा, गाडी प्रयोग गरेमा, अनाधिकृत सामानको ओसारपसार वा रकम वितरण गरेको पाइएमा कब्जामा लिएर तत्काल कारवाही गर्न वा कुनै समस्या परेमा आयोगलाई तत्काल जानकारी गराउन पनि आग्रह गर्नुभयो । स्वतन्त्र उम्मेदवारले अमुक दलको झण्डा प्रदर्शन गर्ने, एक उम्मेदवारलाई प्रयोग गर्न दिइएको गाडी अर्को उम्मेदवारले प्रयोग गर्ने, मतदातालाई धम्की वा आश्वासनको प्रभावमा पार्ने कामहरू पनि भइरहेकाले निर्ममतापूर्वक कारवाही गर्न पनि उहाँले निर्देशन दिनुभयो ।

(बाँकी पृष्ठ २)

## निर्वाचन आयोगका पदाधिकारी



प्रमुख निर्वाचन आयुक्त
**दिनेश कुमार थपलिया**



निर्वाचन आयुक्त
**इश्वरीप्रसाद पौड्याल**



निर्वाचन आयुक्त
**रामप्रसाद भण्डारी**



निर्वाचन आयुक्त
**डा. जानकी कुमारी तुलाधर**



निर्वाचन आयुक्त
**सगुन शम्सेर ज. ब. रा.**



सचिव
**गोकर्णमणि दुवाडी**



प्रमुख आयुक्त थपलियाले मतदाताको निर्वाध मत खसाल्न पाउने अधिकारलाई सुनिश्चित गर्नु आयोगको दायित्व भएकाले मतदान वा मतगणना बिथोल्ने प्रवृत्ति देखिएमा जिल्ला प्रशासन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालयलगायत निकायसँग समन्वय गरी स्थितिलाई सामान्य तुल्याउन, सहजीकरण र समन्वय गर्न टोलीलाई आग्रह गर्नुभयो । उहाँले सबै पालिकाका जनप्रतिनिधिको कार्यकाल आउँदो जेठ ५ गते सम्पन्न हुने भएकाले सो अवधिभित्र मतगणना सम्पन्न गर्ने गरी आवश्यक जनशक्ति खटाइएकाले आयोगका कारणले गणनामा ढिलाइ हुन नहुने पनि स्पष्ट गर्नुभयो ।

आयोगका आयुक्त एवं केन्द्रीय अनुगमन समितिका संयोजक ईश्वरीप्रसाद पौड्यालले 'सानो तर स्मार्ट' अनुगमन टोली खटाइएको बताउँदै कुनै दलले जित्ने वा हार्ने बाहनामा गणना कार्य रोकाउन नहुने र तोकिएको समयमा कुनै दल र उम्मेदवारका प्रतिनिधि बस्न नआए पनि गणना प्रक्रिया सुरु गराउन आग्रह गर्नुभयो ।

आयोगका योजना, अनुगमन तथा वैदेशिक समन्वय शाखाका उपसचिव कमल भट्टराईले खटाइएका टोलीका लागि तोकिएका जनशक्ति र आवश्यक स्रोत सामग्री उपलब्ध गराइएको र टोलीले तत्कालै स्थलमा पुगेर कार्य प्रारम्भ गर्ने बताउनुभयो ।



# आचारसंहिता प्रतिकूल समाचार सम्प्रेषण गर्ने २३ वेब पोर्टललाई कारवाही

**काठमाडौँ-** स्थानीय तह सदस्य निर्वाचन २०७९ आचारसंहिताको गम्भीर उल्लङ्घन गर्ने २३ वटा वेब पोर्टललाई नेपालभित्र सञ्चालन हुन नसक्नेगरी कारवाही गरिएको छ। निर्वाचन अवधिभर निर्वाचन आयोगबाट मिडिया अनुगमनको जिम्मेवारी पाएको प्रेस काउन्सिल नेपालले ती वेब पोर्टललाई कारवाही गरेको हो।

काउन्सिलका उपप्रशासकीय अधिकृत रामशरण बोहराका अनुसार बिनादर्ता सञ्चालित न्यूज पोर्टलहरूले निर्वाचन आचारसंहिता प्रतिकूल समाचार सम्प्रेषण गरेपछि कारवाही गरिएको हो। आचारसंहिता उल्लङ्घन गर्ने १३७ सञ्चार माध्यमलाई सचेत तथा सजग गराइएको काउन्सिलले जनाएको छ। चैत २५ गतेदेखि वैशाख २२ गतेसम्म अवधिमा २७ वटा मिडिया तथा पत्रकारलाई स्पष्टीकरण सोधिएको छ।

त्यस्तै, यस अवधिमा ६१ वटा मिडिया तथा पत्रकारलाई आचारसंहिता कार्यान्वयनमा गम्भीर बन्न निर्देशन गरिएको काउन्सिलले जनाएको छ। सोहीअनुसार यस अवधिमा ८ वटा सञ्चार माध्यमलाई लिखितरूपमा सचेत गराइएको काउन्सिलले जनाएको छ। त्यस्तै २१ वटा सञ्चार माध्यमलाई लिखितरूपमा आचारसंहिता कार्यान्वयनका लागि ध्यानाकर्षण गराइएको उपप्रशासकीय अधिकृत बोहराले जानकारी दिनुभयो।

काउन्सिलकाअनुसार यस अवधिमा आचारसंहिता उल्लङ्घन गर्ने चार वटा सञ्चार माध्यमसँग स्पष्टीकरणसहित जवाफ माग गरिएको छ। त्यस्तै, ११ वटा पत्रपत्रिकालाई आचारसंहिता कार्यान्वयनमा निर्देशन दिइएको छ। एक पत्रिकालाई सचेत गराइएको र एक पत्रिकालाई ध्यानाकर्षण गराइएको बोहराले जानकारी दिनुभयो।

त्यस्तै, ८ वटा रेडियोलाई निर्देशन र दुई वटालाई ध्यानकर्षण गराएको काउन्सिलले जनाएको छ। सोहीअनुसार एक टेलिभिजनसँग स्पष्टीकरणको जवाफ माग, ६ वटालाई निर्देशन, २ वटालाई सचेत गराइएको छ। सोहीअनुसार आचारसंहिता प्रतिकूल समाचार तथा सूचना सम्प्रेषण गर्ने १४ जना पत्रकारलाई ध्यानाकर्षण गराइएको काउन्सिलले जनाएको छ।

## मतदान अधिकृतलाई तालिम

**रुकुमपूर्व-**रुकुमपूर्वमा यही वैशाख ३० गते हुन गइरहेको स्थानीय तह निर्वाचनमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतका लागि तालिम सञ्चालन गरिएको छ। जिल्लामा ३५ मतदानस्थलको ४९ मतदान केन्द्रमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई तालिम दिन थालिएको हो।

मुख्य निर्वाचन अधिकृत सनतचन्द्र लवटका अनुसार सिस्ने गाउँपालिका-५ स्थित रुक्मिणी माविको हलमा तालिम सञ्चालन गरिएको छ। तालिममा कानुनी, व्यवहारिक र सैद्धान्तिक पक्षबारे जानकारी दिइएको छ। मतदान अधिकृत र सहायक मतदान अधिकृतले गर्नुपर्ने काम, कर्तव्य, अधिकारको क्षेत्र तथा मतदान केन्द्र निर्माण गर्ने तरिकाको विषयमा तालिम दिइएको लवटले बताउनुभयो। मतपेटिका राख्ने ठाउँ, रुजु गर्नेलगायत मतदान कार्यलाई व्यवस्थित गर्ने तरिका बारेमा सिकाइएको हो।

मतदान केन्द्रमा पुग्नुअघि र पुगेपछि गर्नुपर्ने काम, मतदातालाई भित्र भोट हाल्न कसरी पठाउने, भोट हालिसकेपछि सुरक्षित कसरी बाहिर ल्याउने, निर्वाचन सकिएपछि के के गर्नेलगायत विषयमा तालिममा जानकारी गराइएको लवटले बताउनुभयो। निर्वाचनमा खटिएर गइसकेपछि निष्पक्ष तरिकाले काम कसरी गर्ने भन्ने विषयमा समेत तालिम दिइएको छ। तालिमको सहजीकरण मुख्य निर्वाचन अधिकृत लवटसँगै प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर खड्का, भूमे गाउँपालिकाका निर्वाचन अधिकृत विमलप्रसाद बराल, पुथाउत्तरगङ्गा गाउँपालिकाका निर्वाचन अधिकृत नारायणप्रसाद चापागाईं, जिल्ला निर्वाचन अधिकारी तेजकुमार ओलीलगायतले गर्नुभएको छ। तीन गाउँपालिका रहेको जिल्लामा मतदाता सङ्ख्या ३३ हजार ५१८ छ। महिला मतदाता १६ हजार ६२४ र पुरुष मतदाता १६ हजार ८९४ छ।

## मकवानपुरमा निर्वाचन तयारी द्रूत

**हेटौँडा–**स्थानीय तह सदस्य निर्वाचन, २०७९ को तयारीका लागि मकवानपुरमा तयारीका कार्य द्रुत गतिमा भइरहेको छ। जिल्लाका स्थानीय तहमा पठाउनुपर्ने निर्वाचन सामग्रीको प्याकिङ गरी तयारी अवस्थामा राखिएको छ भने मतदाता परिचयपत्रको व्यवस्थापन गरिएको छ।

हेटौँडास्थित बागमती प्रदेश निर्वाचन कार्यालयका प्रदेश निर्वाचन अधिकारी लुम्बनाथ पोखरेलका अनुसार यही वैशाख २५ गतेदेखि मतदाता परिचयपत्र वितरण र मुख्य निर्वाचन अधिकृतको कार्यालयको समन्वयमा स्थानीय तहमा निर्वाचन सामग्री पठाइ २७ गतेभित्र उपलब्ध गराइसकिनेछ। जिल्लामा यही वैशाख २२ र २३ गते मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई तालिम दिइएको छ। तालिममा मुख्य निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारीलगायतले प्रशिक्षण दिनुभएको थियो।

मकवानपुरमा एक लाख ४९ हजार ९५४ पुरुष, एक लाख ४४ हजार ९५९ महिला र छ जना तेस्रो लिङ्गी गरी कुल दुई लाख ९४ हजार ९१९ मतदाता रहेका छन्। यसमध्ये ६५ हजार ५४ नयाँ मतदाता रहेका छन्। एक उपमहानगरपालिका, एक नगरपालिका र आठ गाउँपालिका गरी १० पालिका रहेको सो जिल्लामा १६५ मतदान स्थल र ३५६ मतदान केन्द्र निर्धारण गरिएको छ।

# मतदानस्थलमा मतदाता शिक्षासम्बन्धी मतदान गर्ने सही तरिकाबारे जानकारी गराउने सम्बन्धमा आयोगको निर्णय

वैशाख ३० गते सम्पन्न हुने स्थानीय तह सदस्य निर्वाचन, २०७९ का लागि निर्वाचन प्रचार प्रसार तथा मतदाता शिक्षा कार्यक्रम अन्तर्गत निर्वाचन तथा मतदाता शिक्षा निर्देशिका तथा स्थानीय तह निर्वाचन निर्देशिकामा मतदान स्थलमा मतदाता सूचना कक्षको माध्यमबाट मतदाता शिक्षा कार्यक्रम संचालन गर्ने व्यवस्था भएकोमा मतदानको दिन (वैशाख ३० गते) उक्त कार्यक्रम नगरी मतदानको अघिल्ला दुई दिन (वैशाख २८ र २९ गते) मतदान स्थलहरूमा सम्बन्धित मतदान अधिकृतहरूको नेतृत्वमा खटिने मतदान टोलीबाट आयोगले उपलब्ध गराएका मतदाता परिचयपत्रहरूको वितरण गर्ने र आयोगले उपलब्ध गराएका नमूना मतपत्र लगायतका पोष्टर, ब्रोसर आदि छपाई सामग्रीहरूको माध्यमबाट निम्न बमोजिम मतदान गर्ने सहि तरिका बारे जानकारी गराउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ ।

१. मतदान अधिकृतको नेतृत्वमा खटिएको मतदान कार्यटोली मतदानस्थलमा पुगेपछि वैशाख २८ र २९ गतेका दिन सवै मतदाताहरूलाई मतदान गर्ने तरिका र मतदाता शिक्षाको लागि उपस्थित हुन सूचना दिने र यस कार्यको लागि आवश्यकता अनुसार सर्वदलीय सर्वपक्षीय सहयोग लिने ।

२. मतदानस्थलमा उपस्थित मतदातालाई नमूना मतपत्र देखाएर मतदान गर्ने तरिकाको बारेमा निष्पक्ष रुपमा जानकारी दिने ।

३. मतदान गर्ने तरिका बारेमा मतदातालाई जानकारी गराउँदा कुनै पनि राजनीतिक दलको निर्वाचन चिन्हको नाम नलिने,

४. मतदातालाई मतदाता शिक्षा सम्बन्धी जानकारी दिएपछि मतदान गर्ने दिन वैशाख ३० गते शुक्रबार बिहान ७.०० बजेदेखि अपरान्ह ५ बजे भित्र मतदान गर्न आउन आग्रह गर्ने ।

५. मतदान गर्न जाँदा मतदाताले मतदाता परिचयपत्र वा आयोगले तोकेको परिचय खुल्ने अन्य परिचयपत्र लिई जानुपर्ने कुरा जानकारी गराउने ।

६. मतपत्रमा स्वस्तिक छाप लगाई मतदान गर्ने तरिकाको बारेमा मतदातालाई देहाय अनुसार जानकारी प्रदान गर्ने :-

७. मतपत्रमा सातवटा निर्वाचन चिन्हमा मतसङ्केत गरी मतदान गर्नुपर्ने,

- पहिलो ठाडो लहरमा प्रमुख वा अध्यक्ष पदको उम्मेदवारको निर्वाचन चिन्हहरू मध्ये एउटा चिन्हमा,
- दोस्रो ठाडो लहरमा उपप्रमुख वा उपाध्यक्ष पदको उम्मेदवारको निर्वाचन चिन्हहरू मध्ये एउटा चिन्हमा,
- तेस्रो ठाडो लहरमा वडा अध्यक्ष पदको उम्मेदवारको निर्वाचन चिन्हहरू मध्ये एउटा चिन्हमा,
- चौथो ठाडो लहरमा महिला सदस्य पदको उम्मेदवारको निर्वाचन चिन्हहरू मध्ये एउटा चिन्हमा,
- पाँचौं ठाडो लहरमा दलित महिला सदस्य पदको उम्मेदवारको निर्वाचन चिन्हहरू मध्ये एउटा चिन्हमा,
- छैठौं र सातौं ठाडो लहरमा रहेका दुई सदस्य पदका उम्मेदवारहरुको निर्वाचन चिन्हहरू मध्ये कुनै दुई निर्वाचन चिन्हमा छुट्टा-छुट्टै छाप लगाई दुई उम्मेदवारलाई मतदान गर्नुपर्छ ।

८. यसरी हरेक पदका लागि आफूले रोजेको सात जना उम्मेदवारहरूको चिन्ह रहेको स्थानमा कोठाभित्र पर्ने गरी मत सङ्केत गर्नुपर्दछ ।

९. गोप्य मतदान कक्षसँगै राखिएको स्वस्तिक छाप लिई आफूले रोजेको उम्मेदवारको चिन्हमा रहेको कोठाभित्र पर्ने गरी मत सङ्केत गर्नुपर्दछ ।

१०. मतपत्रमा मत संकेत गरे पछि मत पत्रलाई राम्ररी पट्याई मत पेटिकामा खसाल्नु पर्छ ।

११. यस पछि मतदाता तोकिएको स्थान र मार्गबाट बाहिर जानु पर्दछ ।

१२. मतपत्रमा पहिलो पाँच पदका लागि हरेक पदमा एकभन्दा बढी उम्मेदवारलाई मत दिएमा त्यस्तो मत बदर हुन्छ ।

१३. मतपत्रको छैठौं र सातौं लाइनबाट दुई जना वडा सदस्य पदमा निर्वाचित गर्नु पर्नेमा उम्मेदवार भएको वा नभएको निर्वाचन चिन्ह भएका दुई भन्दा बढी कोठामा मत संकेत गरिएकोमा सो पदको मत बदर हुन्छ ।

१४. मत सङ्केत गर्ने क्रममा स्वस्तिक छाप नबुझिने गरी मसी लत्पतिएमा मत बदर हुन्छ ।

१५. मतपत्रमा स्वस्तिक छाप बाहेक अन्य छाप लगाएमा वा अन्य चिन्हले मत सङ्केत गरेमा मत बदर हुन्छ ।

१६. दुइवटा निर्वाचन चिन्ह रहेको कोठाको बीचमा पर्ने गरी स्वस्तिक छाप लगाएमा मत बदर हुन्छ ।

१७. उम्मेदवारको चिन्ह रहेको कोठाभन्दा बाहिर स्वस्तिक छाप लगाएमा मत बदर हुन्छ ।

# निर्वाचन आचारसंहिता विपरीत कार्य नगर्न/नगराउन आयोगको आग्रह

**काठमाडौँ-** स्थानीय तह सदस्य निर्वाचन सन्दर्भमा सम्बन्धित दल तथा सम्बन्धित दलका उम्मेदवार बाहेक अन्य उम्मेदवारले समेत निर्वाचन प्रचार प्रसारको सिलसिलामा अन्य दलको झण्डा प्रयोग गरेको भनी विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमार्फत आएको समाचार तथा सो सम्बन्धमा परेको उजुरीको विषयमा निर्वाचन आयोगले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले राजनीतिक दलको झण्डा तथा चिन्ह अरु कसैले प्रयोग गर्न नपाउनेगरी संरक्षण तथा निर्वाचन आचारसंहिता, २०७८ बमोजिम ३x३ फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्हबाहेक दलको प्रचार प्रसार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स, ग्लुसाइन बोर्ड, श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरू प्रदर्शन गर्न नहुने व्यवस्था रहेको आयोगले जनाएको छ। दलको एउटा झण्डा र एउटा चिन्ह प्रयोग गर्न सकिने भए तापनि अन्य दल तथा उम्मेदवारको झण्डा र चिन्ह प्रयोग गर्नु निर्वाचन आचारसंहिता विपरीत हुने प्रवक्ता शालिग्राम शर्मा पौडेलले उल्लेख गर्नुभएको छ।



निर्वाचन प्रचार प्रसारको क्रममा निर्वाचन आचारसंहितामा उल्लेख भएभन्दा फरक ढङ्गले झण्डा र चिन्ह प्रयोग गरिएमा वा मतदातालाई भ्रम सिर्जना गर्नेगरी आफू उम्मेदवार भएको दलबाहेक अन्य दलको झण्डा तथा चिन्ह प्रयोग गरिएमा निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको मानी कानून बमोजिम कारवाही तथा सजाय हुने आयोगको भनाई छ। निर्वाचन आचारसंहिता विपरीत कार्य नगर्न नगराउन आयोगले पुनः सबैमा आग्रह गरेको छ।

# रोल्पामा मतदान अधिकृतलाई तालिम

**रोल्पा-** वैशाख ३० गते हुन गइरहेको स्थानीय तह निर्वाचनमा खटिने रोल्पाका ३४५ मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई तालिम दिइएको छ। दुई दिनसम्म चलेको तालिममा मतदान अधिकृत र सहायक मतदान अधिकृतले गर्नुपर्ने काम, कर्तव्य, अधिकारको क्षेत्र, मतपेटिका राख्ने ठाउँ, रुजु गर्ने तथा मतदान केन्द्र निर्माण गर्ने तरिका, कर्मचारी आचारसंहितालगायतका विषयमा तालिम दिइएको थियो। जिल्लाका ८१ मतदानस्थल गरी १७३ मतदान केन्द्रमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई तालिम दिइएको हो।

निर्वाचनमा खटिएर गइसकेपछि निष्पक्ष तरिकाले कसरी काम गर्ने वातावरण मिलाउने भन्ने विषयमा तालिम दिइएको मुख्य निर्वाचन अधिकृत दिलीपराज पन्तले बताउनुभयो। नमूना मतदान अभ्यास पेटिकाअनुसार मतदान केन्द्रमा पुग्नुअघि र पुगिसकेपछि गर्नुपर्ने काम, मतदातालाई भोट हाल्ने तरिका, सुरुदेखि अन्तिमसम्म मतगणना, कस्ता व्यक्तिले भोट हाल्न पाउने-नपाउने, विषयमा तालिममा जानकारी गराइएको उहाँले बताउनुभयो।

मुख्य निर्वाचन अधिकृत पन्त, प्रमुख जिल्ला अधिकारी नवराज सापकोटा, माडी, रुन्टिगढी, त्रिवेणी गाउँपालिकाका निर्वाचन अधिकृतलगायतले तालिमको सहजीकरण गर्नुभएको थियो। अघिल्लोपटकको चुनावमा पनि मतदान अधिकृत भएर काम गर्ने अवसर पाएकाले यसपटकको तालिमले आफूलाई थप सजिलो बनाएको मतदान अधिकृत पूर्णबहादुर बुढामगरले बताउनुभयो। पूर्णरूपमा निष्पक्ष, धाँधलीरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नमा आफू प्रतिवद्ध रहेको घर्तीले बताउनुभयो।

रोल्पामा एक नगरपलिका र नौ गाउँपलिका रहेका छन्। जिल्लामा एक लाख ४५ हजार ४४४ मतदाता सङ्ख्या रहेको छ। महिला ७३ हजार ५१० र पुरुष ७१ हजार ९३५ मतदाता रहेको जिल्ला निर्वाचन अधिकारी धिताकुमारी खत्रीले जानकारी दिनुभएको छ।

तस्बिरहरुः रासस



स्थानीय तह निर्वाचनका लागि दाङमा मतदान केन्द्रमा खटिएका कर्मचारी । मुख्य निर्वाचन अधिकृतको कार्यालय परिसरमा टाँसिंएको तालिकामा आफ्नो नाम र खटाएको मतदान केन्द्र खोज्दै कर्मचारी ।




स्थानीय तहको  निर्वाचनका लागि सङ्खुवासभाको दुर्गम उत्तरी क्षेत्र भोटखोला गाउँपालिका लैजाने मतपत्र र मतपेटीका गाडीमा राख्दै कर्मचारी । शनिबार मुख्य निर्वाचन अधिकृतको कार्यालयले  मतपत्र र मतपेटीका सहित मतदान अधिकृत खटाएको छ ।




मुख्य निर्वाचन अधिकृतको कार्यालय तनहुँले शुक्रबार आयोजना गरेको मतदान र सहायक मतदान अधिकृतको तालिममा सम्बोधन गर्दै मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश हरिशचन्द्र ढुङ्गाना । स्थानीय तह निर्वाचनका लागि तनहुँमा शुक्रबार र शनिबार ५९४ मतदान र सहायक मतदान अधिकृतलाई तालिम दिइयो ।



स्थानीय तहको  निर्वाचनका लागि ल्याइएको मत पेटिका जिल्ला निर्वाचन कार्यालय विराटनगरमा सफा गरिँदै ।



कञ्चनपुरको महेन्द्रनगरमा शुक्रबार मतदान अधिकृत र सहायकलाई तालिम दिइँदै । आसन्न स्थानीय तहको निर्वाचनमा यहाँ ३४१ जना मतदान अधिकृत तथा सहायक निर्वाचनमा खटिदैं छन् ।



काठमाडौँको राष्ट्रिय सभा गृहमा नमुना मतदान गरिँदै ।

# राष्ट्रिय भूमि आयोगका दुई पदाधिकारीलाई स्पष्टीकरण

**काठमाडौं–**निर्वाचन आयोगले राष्ट्रिय भूमि आयोगका उपाध्यक्ष र सोही आयोगका चितवन जिल्ला अध्यक्षलाई निर्वाचन आचारसंहिता विपरीत कार्य गरेको जनाउँदै तीन दिनभित्र स्पष्टीकरण पेश गर्न पत्र पठाएको छ ।

आयोगले शनिबार प्रेषित गरेको पत्रमा राष्ट्रिय भूमि आयोगका उपाध्यक्ष नहेन्द्र खड्का र भूमि आयोगका चितवन जिल्ला समितिका अध्यक्ष बद्री तिमिल्सिनालाई विभिन्न अनलाइन सञ्चारमाध्यममा यही वैशाख २३ गते 'भरतपुरमा मतदाता प्रभावित पार्न बाँडियो निस्सा, आचारसंहिता उलङ्घनको उजुरी दिने तयारी' शीर्षकमा प्रकाशित समाचारका आधारमा स्पष्टीकरण सोधिएको हो । सो समाचारमा आचारसंहिताविपरीत मतदातालाई प्रभावित पार्न भरतपुर–११ गणेस्थानमा भूमिको निस्सा बाँडेको उल्लेख छ । आयोगमा प्राप्त उजुरीमा सो वडाका सुकुम्बासी र भूमिहीनलाई भूमिको निस्सा बाँडेको पाइएकोले उक्त कार्य तत्काल रोकी आवश्यक छानबिन गरी निर्वाचन आचारसंहिता विपरीत कार्य भएमा सजाय पाउँ भन्ने माग रहेको छ ।

भूमि आयोगले २०७९ वैशाख १ मा सूचना प्रकाशन गरी अर्को सूचना नभएसम्मका लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलनसम्बन्धी कार्य स्थगन गरिएको छ ।

'तपाईंहरूले स्थानीय तह निर्वाचनको सम्मुखमा भरतपुरका मतदातालाई भूमिको निस्सा बाँडेको हो, होइन ? भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५२ (क) को उपदाफ (३) र दफा ५२ (ख) को उपदफा (६) बमोजिम नेपाल सरकारबाट गठित आयोगले स्थानीय तह निर्वाचनको सम्मुखमा भूमिको निस्सा बाँड्दा निर्वाचन आचारसंहिता विपरीत हुन्छ, हुँदैन ?' जवाफको मागसहित निर्वाचन आयोगले ती दुई पदाधिकारीलाई सोधेको स्पष्टीकरणमा भनिएको छ, 'आचारसंहिता विपरीत कार्य गरेको भए तपाईंहरूलाई आचारसंहिताको उलङ्घनमा किन कारबाही हुनु नपर्ने हो ?' पत्रमा भनिएको छ ।

निर्वाचन आयोगले ताहचलस्थित राष्ट्रिय भूमि आयोगमा पनि पत्र पठाइ स्थगन भएपछि निर्वाचनको मौकामा भरतपुरमा भूमिको निस्सा वितरण भएको भए सोको प्रतिलिपिसमेत आयोगमा पेश गर्न भनेको छ । साथै निर्वाचन आचारसंहिता लागू रहने अवधिसम्म भूमिको निस्सा वितरण वितरणसम्बन्धी सम्पूर्ण कार्य स्थगन गर्न पनि आयोगले पत्राचार गरेको छ ।

# तीन दिनभित्र स्पष्ट पार्न गोरखापत्रलाई आयोगको आग्रह

**काठमाडौं-** निर्वाचन आयोगले गोरखापत्र दैनिकलाई आचारसंहिता प्रतिकूल सामग्री प्रकाशन गरेको हो कि होइन भनी तीन दिनभित्र स्पष्ट पार्न अनुरोध गरेको छ । सो पत्रिकाले वैशाख २२ गते प्रकाशन गरेको समाचारले आचारसंहिताको दफा २२ (ख) र दफा ६ (क) आकर्षण हुने सामाचार प्रकाशन गरेको आयोगले जनाएको छ ।

सो पत्रिकामा 'गठबन्धनप्रति इमान्दार बन्न देउवाको आग्रह' शीर्षकमा समाचार प्रकाशन भएको थियो । सो समाचारले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्षमा प्रचार प्रसार गर्न खोजेको हो वा होइन ? सार्वजनिक संस्थाबाट प्रकाशन हुने पत्रिकाले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्षमा प्रचार प्रसार गर्न मिल्छ कि मिल्दैन ? यस्तो कार्य आचारसंहिता विपरित हुन्छ कि हुँदैन ? भनेर प्रष्ट पार्न आयोगले गोरखापत्रको सम्पादकको नाममा पत्र लेख्दै स्पष्ट पार्न अनुरोध गरेको छ ।

# मतदान अधिकृतले मतपत्रमा कालो, रातो, नीलो वा हरियो मसीको कलमले हस्ताक्षर गर्न सकिने

**काठमाडौं–**वैशाख ३० गते हुने स्थानीय तह सदस्य निर्वाचन, २०७९ का लागि मतदान अधिकृतले मतपत्रमा हस्ताक्षर गर्दा सिसाकलमबाहेक कालो, रातो, नीलो वा हरियोमध्ये कुनै मसी भएको कलम वा डटपेनले सही गर्न सकिने भएको छ ।

आयोगले वैशाख २२ गते गरेको निर्णयअनुसार सिसाकलमबाहेक कालो, रातो, नीलो वा हरियोमध्ये कुनै मसी भएको कलम वा डटपेनले सही गर्ने व्यवस्था मिलाउन सबै मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतलाई निर्देशन दिइएको हो ।

# गण्डकी प्रदेशका मुख्यमन्त्रीलाई स्पष्टीकरण

**काठमाडौं–**निर्वाचन आयोगले गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई निर्वाचन आचारसंहिता उलङ्घनका विषयमा तीन दिनभित्र स्पष्टीकरण पेश गर्न भनेको छ ।

आयोगले 'सरकारी गाडी चढेर काँग्रेसको कार्यक्रममा गण्डकीका मुख्यमन्त्री र मन्त्री' भन्ने समाचारप्रति ध्यानाकर्षण भएको जनाउँदै निर्वाचन आचारसंहिता, २०७८ को दफा ५ को खण्ड (क) अनुसार प्रदेश सरकारका मुख्यमन्त्री वा मन्त्रीले आफैं उम्मेदवार भएको अवस्थामा बाहेक कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा सम्लग्न हुन वा प्रचारप्रसार गर्न नहुने स्मरण गराएको छ ।

'तपाईंले प्रदेश सरकारको मुख्यमन्त्रीले सरकारी स्रोतको प्रयोग गरी गठबन्धनको चुनावी सभामा सहभागी हुनु निर्वाचन आचारसंहिता विपरीत हो, होइन ?' आयोगको स्पष्टीकरणपत्रमा भनिएको छ, 'यदि तपाई गठबन्धनको चुनावीसभामा सहभागी हुनुभएको हो भने तपाईंलाई निर्वाचन आचारसंहिताको उलङ्घनमा किन कारबाही हुनु नपर्ने हो ? तीन दिनभित्र आयोगमा प्राप्त हुने गरी जवाफ पेश गर्नुहुन अनुरोध छ ।'

# पत्रकार महासङ्घका अध्यक्षलाई स्पष्टीकरण

**काठमाडौँ–**निर्वाचन आयोगले नेपाल पत्रकार महाङ्घका अध्यक्ष विपुल पोखरेललाई निर्वाचन आचारसंहिता विपरीत अभिव्यक्ति दिएको विषयमा चौबीस घन्टाभित्र जवाफ दिन स्पष्टीकरण माग गरेको छ ।

शिलापत्र अनलाइनमा प्रकाशित ‘ पत्रकार महासङ्घका अध्यक्ष भन्छन्, ‘निर्वाचन आयोगले जारी गरेको आचारसंहिता हामी मान्न जरुरी छैन’ शीर्षकको समाचारप्रति ध्यानाकर्षण जनाउँदै आयोगले सङ्घ/संस्थाका तर्फबाट निर्वाचन आचारसंसिहता, २०७८ का सन्दर्भमा प्रतिबद्धता जनाउन आयोजित आयोगमा कार्यक्रममा महासङ्घका तर्फबाट निर्वाचन आचारसंहितामा भएका प्रावधान इमान्दारिताका साथ पालना गर्न गराउन प्रतिबद्धता व्यक्त भएको स्मरण पनि गराएको छ ।

‘निर्वाचन आचारसंहिता, २०७८ कार्यान्वयनका सन्दर्भमा आयोगबाट गत चैत २९ गते गण्डकी प्रदेशको पोखरामा आयोजित कार्यक्रममा तपाईं स्वयं स्रोत व्यक्तिका रुपमा सहभागी हुनुभएकै हो ।’ आयोगले महासङ्घका अध्यक्ष पोखरेललाई सोधेको स्पष्टीकरणमा भनिएको छ, ‘आयोगबाट काठमाडौँमा आयोजित कार्यक्रममा तपाईंले आचारसंहिताबारे बोल्नुभएको कुरा र जनाउनुभएको प्रतिबद्धतासम्बन्धी सामग्रीसमेत आयोगमा सुरक्षित नै छ । तपाईंलाई आयोगले जारी गरेको निर्वाचन आचारसंहिताका समग्र प्रावधानका बारेमा जानकारी छैन भन्ने बारेमा आयोग विश्वस्त हुन सक्दैन ।’

आयोगले स्पष्टीकरणपत्रमा भनिएको छ, ‘आयोगले जारी गरेको आचारसंहिता पत्रकारले मान्न जरुरी छैन भनी तपाईंले भन्न मिल्छ, मिल्दैन ? आयोगबाट जारी आचारसंहिताको कुन प्रावधानले पत्रकार एवम् नागरिकको अभिव्यक्ति स्वतन्त्रतालाई संकुचित गरेको छ ? साथै आचारसंहिताको कुन प्रावधानले पत्रकारिता र अभिव्यक्ति स्वतन्त्रताबाट सम्बन्धित पक्षलाई वञ्चित गरेको छ ? पत्रका महासङ्घको सभापति जस्तो पदमा आशिन व्यक्तिले यस्तो गैह्र जिम्मेवार अभिव्यक्ति दिन सुहाउँछ ?’

# चौदण्डीगढी नगरपालिका विरुद्ध आयोगमा उजुरी

**काठमाडौँ-** चौदण्डीगढी नगरपालिका कार्यालय बेल्टार उदयपुरलाई निर्वाचन आयोगले आचारसंहिता प्रतिकूल काम गरेको हो वा होइन ? भनी स्पष्ट पार्न अनुरोध गरेको छ । सो नगरपालिकाले वडा ९ लगायतको क्षेत्रमा टिनको जस्तापाता लगायतको सामग्री वितरण गरेको उजुरी परेको आयोगले जनाएको छ ।

आचारसंहिताको दफा ४ (क), दफा ६ (ग) मा वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य नयाँ कार्यक्रम गर्न, नयाँ नीति, योजना वा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने व्यवस्था रहेको आयोगले प्रष्ट पारेको छ ।

स्थानीय निर्वाचनमा मतदाताहरूलाई प्रभावमा पारी राज्यको स्रोतको दुरुपयोग गर्दै सो नगरपालिकाले टिनको जस्तापाता वितरण गरेको हो वा होइन ?, यस्तो कार्य निर्वाचन आचारसंहिता विपरित हुन्छ वा हुँदैन ? भनी आयोगले प्रष्ट पार्न सो नगरपालिकालाई अनुरोध गरेको छ ।

# सेतोपाटीलाई आयोगको पत्र

**काठमाडौँ-** निर्वाचन आयोगले सेतोपाटी सञ्चार प्रा.लि. ललितपुरलाई आचारसंहिता विपरितको सामग्री के कति कारणले प्रकाशन भएको हो ? भनी स्पष्ट गर्न अनुरोध गरेको छ । सो प्रा.लि.ले शुक्रबार ‘वीरगञ्जमा दबंग नेता राजेशमानको सम्भावना धेरै, पछिपछि निवर्तमान मेयर सराबगी’ शीर्षकको समाचार प्रकाशन गरेको थियो । समाचार प्रकाशन भएलगत्तै आयोगले समाचार हटाउन निर्देशन दिएको थियो ।

सो न्यूज पोर्टलबाट प्रकाशित समाचारले आचारसंहिताको दफा ४ (ण) विपरित काम भएको भन्दै आयोगले स्पष्ट पार्न अनुरोध गरेको हो । तपाईंलाई निर्वाचन आयोग ऐन २०७३ को दफा २३ बमोजिम कारवाही किन नगर्ने ? चौबीस घण्टाभित्र आधार प्रमाणसहित स्पष्ट गरी पेश गर्न आयोगले अनुरोध गरेको छ ।

सोहीअनुसार सो सञ्चार माध्यमले आज शनिबार पनि आचारसंहिता प्रतिकूल समाचार सम्प्रेषण गरेको भन्दै आयोगले स्पष्ट पार्न अनुरोध गरेको छ । सो मिडियाले शनिबार ‘गठबन्धनको सहयोगमा इटहरीको लालकिल्ला पहिलो पटक तोड्ने आशमा काँग्रेस’ शीर्षकको समाचार प्रकाशन गरेको थियो । सो समाचार आचारसंहिताको दफा ४ (ण) विपरित भएको भन्दै आयोगले चौबीस घण्टाभित्र आधार प्रमाणसहित स्पष्ट गर्न अनुरोध गरेको छ ।

# स्थानीय तह सदस्य निर्वाचन, २०७९

## उमेर समूहको आधारमा उम्मेदवारको विवरण

| पद | कूल उम्मेदवार संख्या | २१-३५ | | ३६-५० | | ५१-६५ | | ६५ माथि | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| प्रमुख | ३,२३८ | ६२९ | ५१ | १,३१२ | १२० | ९२८ | ५३ | १४० | ५ |
| अध्यक्ष | ३,०९२ | ५७८ | ४४ | १,३९२ | ७८ | ८०७ | २९ | १६० | ४ |
| उपप्रमुख | १,९६४ | ९६ | ४०१ | २५४ | ७४८ | १५८ | २५७ | २२ | २८ |
| उपाध्यक्ष | २,१६३ | १०९ | ५७३ | २४६ | ८२१ | १५२ | २३२ | १३ | १७ |
| वडा अध्यक्ष | ३२,४९६ | ६,३०२ | २६१ | १४,७५२ | ४९६ | ९,१७१ | १७१ | १,३२४ | १९ |
| सदस्य | ५३,१७३ | ११,०६६ | ६६५ | २१,७१३ | १,२६० | १५,२९९ | ४३२ | २,६९१ | ४७ |
| महिला सदस्य | २५,५९९ | ० | ७,२७९ | ० | १२,८२९ | ० | ४,९७९ | ० | ५१२ |
| दलित महिला सदस्य | २३,२८५ | ० | ७,२१३ | ० | ११,१४१ | ० | ४,३८६ | ० | ५४५ |
| **जम्मा** | **१,४५,०१०** | **१८,७८०** | **१६,४८७** | **३९,६६९** | **२७,४९३** | **२६,५१५** | **१०,५३९** | **४,३५०** | **१,१७७** |

स्थानीय तह निर्वाचन इ-बुलेटिन-२०७९ | निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

स्थानीय तह सदस्य निर्वाचन, २०७९ सँग सम्बन्धित सूचनाहरू आमसञ्चार माध्यम एवम् आमसरोकारहरूका लागि सहज पहुँचसहित सम्प्रेषण गर्ने उद्देश्यले आयोगका प्रवक्ता र सहप्रवक्ताका अतिरिक्त देहायबमोजिमका निर्वाचन सूचना सम्प्रेषण अधिकारी तोकिएको छ :

१) सहसचिव श्री तुलसीबहादुर श्रेष्ठ, मोबाइल नं. –९८५११२२०३३

२) उपन्यायाधिवक्ता श्री गुरूप्रसाद वाग्ले, मोबाइल नं.–९८४१४५१५३१

निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

निर्वाचनसम्बन्धी आधिकारिक जानकारी तथा सूचनाका लागि निर्वाचन आयोगको वेबसाइट तथा सामाजिक सञ्जाल फलो गर्नुहोला ।

**इ-बुलेटिन प्रकाशन समिति**

**गोकर्णमणि दुवाडी,** सचिव-संरक्षक

**शालिग्राम शर्मा पौडेल**, सहसचिव- संयोजक

**कमल भट्टराई,** उपसचिव- सदस्य

**राजन नेपाल**- सदस्य, **प्रकाश सिलवाल**- सदस्य, **लोकबहादुर चौधरी**- सदस्य

**श्रवणकुमार लुइटेल**- सदस्य सचिव

डिजाइन- **ज्ञानेन्द्रकुमार लामा**, फोटो पत्रकार - **प्रदीपराज वन्त**

**टोल फ्री नं.:** ११०२ **फोन नं.:** ०१-५३२८६६३, **फ्याक्स:** ०१-५३२९२२७, **इमेल:** info@election.gov.np, **वेबसाइट:** www.election.gov.np

# स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा निर्विरोध निर्वाचित हुने उम्मेदवारहरूको विवरण

| प्रदेश | जिल्ला | स्थानीय तह | वडा | पद | राजनीतिक दल/स्वतन्त्र | उम्मेदवारको नाम | लिङ्ग | उमेर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश १ | ताप्लेजुंग | फक्ताङलुङ गाउँपालिका | ६ | दलित महिला सदस्य | नेपाली कांग्रेस | मञ्जु कामी | महिला | २८ | निर्विरोध |
| प्रदेश १ | ताप्लेजुंग | फक्ताङलुङ गाउँपालिका | ७ | वडा अध्यक्ष | स्वतन्त्र | छेतेन लामा शेर्पा | पुरुष | ३९ | निर्विरोध |
| प्रदेश १ | ताप्लेजुंग | फक्ताङलुङ गाउँपालिका | ७ | महिला सदस्य | स्वतन्त्र | फुपु लामु श्रेष्ठ | महिला | ३४ | निर्विरोध |
| प्रदेश १ | ताप्लेजुंग | फक्ताङलुङ गाउँपालिका | ७ | दलित महिला सदस्य | स्वतन्त्र | विपना तुम्वाहाम्फे | महिला | २२ | निर्विरोध |
| प्रदेश १ | ताप्लेजुंग | फक्ताङलुङ गाउँपालिका | ७ | सदस्य | स्वतन्त्र | टासी शेर्पा | पुरुष | ४१ | निर्विरोध |
| प्रदेश १ | ताप्लेजुंग | फक्ताङलुङ गाउँपालिका | ७ | सदस्य | स्वतन्त्र | वाङग्या शेर्पा | पुरुष | ५६ | निर्विरोध |
| प्रदेश १ | ताप्लेजुंग | फुङलिङ नगरपालिका | ५ | महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | गंगा दर्लाल | महिला | ६० | निर्विरोध |
| प्रदेश १ | ताप्लेजुंग | मिक्वाखोला गाउँपालिका | ३ | दलित महिला सदस्य | नेपाली कांग्रेस | लछी माया विश्वकर्म | महिला | ६० | निर्विरोध |
| प्रदेश १ | ताप्लेजुंग | मिक्वाखोला गाउँपालिका | ५ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | सरिता गहते | महिला | ४२ | निर्विरोध |
| प्रदेश १ | ताप्लेजुंग | सिरीजङ्घा गाउँपालिका | ८ | दलित महिला सदस्य | नेपाली कांग्रेस | सीता देवी सार्की | महिला | ६२ | निर्विरोध |
| प्रदेश १ | पाँचथर | फालेलुङ गाउँपालिका | ४ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | कविता वि क | महिला | ३६ | निर्विरोध |
| प्रदेश १ | पाँचथर | फालेलुङ गाउँपालिका | ५ | दलित महिला सदस्य | नेपाली कांग्रेस | फूल मती विशुकर्मा | महिला | ५३ | निर्विरोध |
| प्रदेश १ | पाँचथर | फालेलुङ गाउँपालिका | ८ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | अमृता शंखर | महिला | २५ | निर्विरोध |
| प्रदेश १ | पाँचथर | फिदिम नगरपालिका | ३ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | वुध माया नेपाली | महिला | ५१ | निर्विरोध |
| प्रदेश १ | पाँचथर | फिदिम नगरपालिका | १३ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | सिता गिरी बर्देवा | महिला | ३० | निर्विरोध |
| प्रदेश १ | इलाम | देउमाई नगरपालिका | १ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | विष्णु माया दियाली | महिला | ४० | निर्विरोध |
| प्रदेश १ | इलाम | माईजोगमाई गाउँपालिका | २ | दलित महिला सदस्य | नेपाली कांग्रेस | रुपा देवी दियाली (विश्वकर्मा) | महिला | ५२ | निर्विरोध |
| प्रदेश १ | इलाम | माङसेबुङ गाउँपालिका | ५ | महिला सदस्य | राष्ट्रिय जनमुक्ति पार्टी | तिलरुपा सवेहाङ्ग | महिला | ४७ | निर्विरोध |
| प्रदेश १ | इलाम | माङसेबुङ गाउँपालिका | ६ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | धन कुमारी विश्वकर्मा | महिला | ५१ | निर्विरोध |
| प्रदेश १ | इलाम | रोङ गाउँपालिका | ४ | महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | मिना देवी तामाङ्ग | महिला | ३९ | निर्विरोध |
| प्रदेश १ | इलाम | सन्दकपुर गाउँपालिका | १ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | दिल माया कमिनी | महिला | ६७ | निर्विरोध |
| प्रदेश १ | झापा | कचनकवल गाउँपालिका | ४ | दलित महिला सदस्य | नेपाली कांग्रेस | विजली दास | महिला | २५ | निर्विरोध |
| प्रदेश १ | झापा | मेची नगर नगरपालिका | ११ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | रन्जिता नेपाली | महिला | ३६ | निर्विरोध |
| प्रदेश १ | संखुवासभा | भोटखोला गाउँपालिका | १ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | अम्बीका विश्वकर्मा | महिला | ३४ | निर्विरोध |
| प्रदेश १ | संखुवासभा | भोटखोला गाउँपालिका | ४ | महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | चिप्पा भोटे | महिला | ३० | निर्विरोध |
| प्रदेश १ | संखुवासभा | मकालु गाउँपालिका | २ | दलित महिला सदस्य | नेपाली कांग्रेस | सविना जैरु | महिला | ४३ | निर्विरोध |
| प्रदेश १ | तेर्हथुम | आठराई गाउँपालिका | ५ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्मला धौलाकोटी (तोर्लाङ्गी) | महिला | ३७ | निर्विरोध |
| प्रदेश १ | तेर्हथुम | मेन्छयायेम गाउँपालिका | १ | दलित महिला सदस्य | नेपाली कांग्रेस | प्रवृति वि.क. | महिला | २७ | निर्विरोध |
| प्रदेश १ | तेर्हथुम | लालिगुँरास नगरपालिका | ७ | दलित महिला सदस्य | नेपाली कांग्रेस | मन कुमारी कामी | महिला | ४५ | निर्विरोध |
| प्रदेश १ | भोजपुर | आमचोक गाउँपालिका | ७ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | रत्न माया परियार | महिला | २७ | निर्विरोध |
| प्रदेश १ | भोजपुर | रामप्रसाद राई गाउँपालिका | ८ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | तिर्थ देवी कामी | महिला | ३८ | निर्विरोध |
| प्रदेश १ | भोजपुर | हतुवागढी गाउँपालिका | ३ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | लक्ष्मी विश्वकर्मा | महिला | ४३ | निर्विरोध |
| प्रदेश १ | धनकुटा | चौविसे गाउँपालिका | ८ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | तारा कुमारी विश्वकर्मा | महिला | ३० | निर्विरोध |
| प्रदेश १ | धनकुटा | पाख्रिवास नगरपालिका | ९ | दलित महिला सदस्य | नेपाली कांग्रेस | डम्बर माया दर्जी | महिला | ६८ | निर्विरोध |
| प्रदेश १ | धनकुटा | सागुरीगढी गाउँपालिका | ७ | दलित महिला सदस्य | नेपाली कांग्रेस | कुमारी विश्वकर्मा | महिला | ५० | निर्विरोध |
| प्रदेश १ | मोरङ्ग | केरावारी गाउँपालिका | १ | महिला सदस्य | नेपाली कांग्रेस | कमला राई | महिला | ४४ | निर्विरोध |
| प्रदेश १ | सुनसरी | भोक्राहा नरसिंह गाउँपालिका | ८ | दलित महिला सदस्य | नेपाली कांग्रेस | विमला देवि मोची | महिला | ५८ | निर्विरोध |
| प्रदेश १ | सुनसरी | हरिनगर गाउँपालिका | ५ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | सुखिया देवी पासवान | महिला | ६६ | निर्विरोध |
| प्रदेश १ | सोलुखुम्बु | थुलुङ दुधकोशी गाउँपालिका | ५ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | शार्मिला मगर | महिला | २९ | निर्विरोध |
| प्रदेश १ | खोटाङ्ग | खोटेहाङ गाउँपालिका | ५ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | बच्चि माया परियार | महिला | ५९ | निर्विरोध |
| प्रदेश १ | ओखलढुंगा | सुनकोशी गाउँपालिका | ५ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | डल्ली माया विश्वकर्मा | महिला | ४८ | निर्विरोध |
| प्रदेश १ | उदयपुर | रौतामाई गाउँपालिका | १ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | फुल माया वि.क.[दियाली] | महिला | ३७ | निर्विरोध |
| प्रदेश १ | उदयपुर | लिम्चुङ्बुङ गाउँपालिका | १ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | देव कुमारी कामी | महिला | ४९ | निर्विरोध |
| मधेश प्रदेश | धनुषा | जनकपुरधाम उपमहानगरपालिका | ५ | दलित महिला सदस्य | नेपाली कांग्रेस | रिपु कुमारी | महिला | ३२ | निर्विरोध |
| मधेश प्रदेश | महोत्तरी | बर्दिवास नगरपालिका | ७ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | कलि माया | महिला | ५४ | निर्विरोध |
| मधेश प्रदेश | महोत्तरी | मनरा शिसवा नगरपालिका | ८ | दलित महिला सदस्य | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | जानकी देवी | महिला | ३९ | निर्विरोध |
| मधेश प्रदेश | रौतहट | गरुडा नगरपालिका | ३ | दलित महिला सदस्य | नेपाली कांग्रेस | इन्दु देवी | महिला | ३५ | निर्विरोध |
| मधेश प्रदेश | बारा | कलैया उपमहानगरपालिका | २४ | महिला सदस्य | नेपाली कांग्रेस | फुलमति थरुनी | महिला | ५४ | निर्विरोध |
| मधेश प्रदेश | बारा | जीतपुरसिमरा उपमहानगरपालिका | २४ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | लालमुनी देवी ठाकुर | महिला | ४७ | निर्विरोध |
| मधेश प्रदेश | बारा | निजगढ नगरपालिका | ३ | महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | बुरगान कुमारी लामा | महिला | ४० | निर्विरोध |
| मधेश प्रदेश | पर्सा | पटेर्वा सुगौली गाउँपालिका | १ | दलित महिला सदस्य | जनता समाजवादी पार्टी, नेपाल | वसन्ती देवी मुसहर | महिला | ४९ | निर्विरोध |
| मधेश प्रदेश | पर्सा | विरगंज महानगरपालिका | ६ | दलित महिला सदस्य | नेपाली कांग्रेस | शुशिला परियार | महिला | ६५ | निर्विरोध |
| बागमती प्रदेश | दोलखा | गौरिशंकर गाउँपालिका | ५ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | टहल माया विश्वकर्मा | महिला | ४१ | निर्विरोध |
| बागमती प्रदेश | दोलखा | जिरी नगरपालिका | ९ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | देवि माया नेपाली | महिला | ५० | निर्विरोध |
| बागमती प्रदेश | सिन्धुली | मरिण गाउँपालिका | १ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | चेली माया कामी | महिला | ५६ | निर्विरोध |
| बागमती प्रदेश | रसुवा | कालिका गाउँपालिका | १ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ज्योतिसरा परियार | महिला | ३७ | निर्विरोध |
| बागमती प्रदेश | रसुवा | गोसाईकुण्ड गाउँपालिका | २ | दलित महिला सदस्य | नेपाली कांग्रेस | लक्ष्मी परियार | महिला | २७ | निर्विरोध |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| बागमती प्रदेश | रसुवा | गोसाईकुण्ड गाउँपालिका | ५ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | कान्छी लाटी कमीनी | महिला | ६३ | निर्विरोध |
| बागमती प्रदेश | रसुवा | आमाछोदिङमो गाउँपालिका | २ | दलित महिला सदस्य | नेपाली काँग्रेस | दिल माया विश्वकर्मा | महिला | ६७ | निर्विरोध |
| बागमती प्रदेश | रसुवा | आमाछोदिङमो गाउँपालिका | ४ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | गममाया विश्वकर्मा | महिला | ४२ | निर्विरोध |
| बागमती प्रदेश | धादिङ्ग | खनियाबास गाउँपालिका | ४ | दलित महिला सदस्य | नेपाली काँग्रेस | विमला नेपाली | महिला | ३४ | निर्विरोध |
| बागमती प्रदेश | धादिङ्ग | गङ्गाजमुना गाउँपालिका | ४ | महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | रत्न माया घले | महिला | ४१ | निर्विरोध |
| बागमती प्रदेश | धादिङ्ग | रुवी भ्याली गाउँपालिका | १ | दलित महिला सदस्य | नेपाली काँग्रेस | रस माया कामी | महिला | ४४ | निर्विरोध |
| बागमती प्रदेश | नुवाकोट | बेलकोटगढी नगरपालिका | १ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजबादी) | ठुली कान्छी नेपाली | महिला | ६२ | निर्विरोध |
| बागमती प्रदेश | नुवाकोट | म्यागङ गाउँपालिका | ६ | दलित महिला सदस्य | नेपाली काँग्रेस | कमला विश्वकर्मा | महिला | २८ | निर्विरोध |
| बागमती प्रदेश | काठमाडौं | काठमाण्डौ महानगरपालिका | १८ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | अम्बिका सुनार | महिला | ४५ | निर्विरोध |
| बागमती प्रदेश | काठमाडौं | काठमाण्डौ महानगरपालिका | २२ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | गीता परियार | महिला | ३६ | निर्विरोध |
| बागमती प्रदेश | काठमाडौं | काठमाण्डौ महानगरपालिका | २३ | दलित महिला सदस्य | नेपाली काँग्रेस | कन्चना नेपाली (हरिजन) | महिला | ४१ | निर्विरोध |
| बागमती प्रदेश | काठमाडौं | काठमाण्डौ महानगरपालिका | २७ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | प्रभा परियार | महिला | ४३ | निर्विरोध |
| बागमती प्रदेश | काठमाडौं | किर्तिपुर नगरपालिका | ८ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | सरस्वती परियार | महिला | ५५ | निर्विरोध |
| बागमती प्रदेश | काठमाडौं | किर्तिपुर नगरपालिका | १० | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | मन्जु परियार | महिला | ४३ | निर्विरोध |
| बागमती प्रदेश | काठमाडौं | टोखा नगरपालिका | २ | दलित महिला सदस्य | नेपाली काँग्रेस | लक्ष्मी हिङमाङ | महिला | ३८ | निर्विरोध |
| बागमती प्रदेश | काठमाडौं | नागार्जुन नगरपालिका | ४ | दलित महिला सदस्य | नेपाली काँग्रेस | शोभा नेपाली | महिला | ३१ | निर्विरोध |
| बागमती प्रदेश | काठमाडौं | शङ्करापुर नगरपालिका | २ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | मनिषा परियार | महिला | ३० | निर्विरोध |
| बागमती प्रदेश | भक्तपुर | भक्तपुर नगरपालिका | ५ | दलित महिला सदस्य | नेपाल मजदुर किसान पार्टी | सरिना द्योला | महिला | ३३ | निर्विरोध |
| बागमती प्रदेश | भक्तपुर | भक्तपुर नगरपालिका | १० | दलित महिला सदस्य | नेपाल मजदुर किसान पार्टी | विष्णु माया कामी | महिला | ५० | निर्विरोध |
| बागमती प्रदेश | भक्तपुर | मध्यपुर थिमी नगरपालिका | ५ | दलित महिला सदस्य | नेपाली काँग्रेस | लक्ष्मी देउला (पोडे) | महिला | ५० | निर्विरोध |
| बागमती प्रदेश | ललितपुर | कोन्ज्योसोम गाउँपालिका | १ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | कृष्ण कुमारी सुनार | महिला | ४४ | निर्विरोध |
| बागमती प्रदेश | ललितपुर | कोन्ज्योसोम गाउँपालिका | ४ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | सपना मंग्राती | महिला | ३४ | निर्विरोध |
| बागमती प्रदेश | ललितपुर | बाग्मती गाउँपालिका | १ | दलित महिला सदस्य | नेपाली काँग्रेस | संगिता नेपाली | महिला | ४० | निर्विरोध |
| बागमती प्रदेश | ललितपुर | महालक्ष्मी नगरपालिका | ७ | दलित महिला सदस्य | नेपाली काँग्रेस | रमा रम्तेल | महिला | ३९ | निर्विरोध |
| बागमती प्रदेश | ललितपुर | ललितपुर महानगरपालिका | ११ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | सचिना परियार | महिला | ३८ | निर्विरोध |
| बागमती प्रदेश | काभ्रेपलाञ्चोक | खानीखोला गाउँपालिका | १ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | मसली वि.क | महिला | ३२ | निर्विरोध |
| बागमती प्रदेश | काभ्रेपलाञ्चोक | खानीखोला गाउँपालिका | २ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | भगवती विश्वकर्मा | महिला | ४० | निर्विरोध |
| बागमती प्रदेश | काभ्रेपलाञ्चोक | धुलिखेल नगरपालिका | ६ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | पार्वती विश्वकर्मा | महिला | ४१ | निर्विरोध |
| बागमती प्रदेश | काभ्रेपलाञ्चोक | महाभारत गाउँपालिका | ८ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजबादी) | चखली विश्वकर्मा | महिला | ६० | निर्विरोध |
| बागमती प्रदेश | सिन्धुपाल्चोक | मेलम्ची नगरपालिका | ४ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | बेली दर्मे | महिला | ४२ | निर्विरोध |
| बागमती प्रदेश | सिन्धुपाल्चोक | ईन्द्रावती गाउँपालिका | ११ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | गीता सोनाम | महिला | ४६ | निर्विरोध |
| बागमती प्रदेश | सिन्धुपाल्चोक | लिसंखु पाखर गाउँपालिका | ५ | दलित महिला सदस्य | नेपाली काँग्रेस | सुनिता सुनार | महिला | ३८ | निर्विरोध |
| बागमती प्रदेश | सिन्धुपाल्चोक | हेलम्बु गाउँपालिका | ५ | दलित महिला सदस्य | नेपाली काँग्रेस | सन्त माया सुनार | महिला | ४६ | निर्विरोध |
| बागमती प्रदेश | मकवानपुर | ईन्द्र सरोवर गाउँपालिका | १ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | लक्ष्मी दमाई | महिला | ५३ | निर्विरोध |
| बागमती प्रदेश | मकवानपुर | ईन्द्र सरोवर गाउँपालिका | ४ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | सावित्री सुनार | महिला | ३७ | निर्विरोध |
| बागमती प्रदेश | मकवानपुर | थाहा नगरपालिका | ५ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | उर्मिला कामी | महिला | ५० | निर्विरोध |
| बागमती प्रदेश | मकवानपुर | बाग्मती गाउँपालिका | ३ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | विष्णु माया विश्वकर्मा | महिला | ४४ | निर्विरोध |
| बागमती प्रदेश | मकवानपुर | मकवानपुरगढी गाउँपालिका | ७ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | तिर्थ कुमारी ल्वागुन | महिला | ४८ | निर्विरोध |
| बागमती प्रदेश | मकवानपुर | राक्सिराङ्ग गाउँपालिका | ४ | दलित महिला सदस्य | नेपाली काँग्रेस | सजिना मुक्तान नेपाली | महिला | २३ | निर्विरोध |
| बागमती प्रदेश | चितवन | इच्छाकामना गाउँपालिका | १ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | दुर्गा सार्की प्रजा | महिला | २४ | निर्विरोध |
| बागमती प्रदेश | चितवन | कालिका नगरपालिका | ११ | दलित महिला सदस्य | नेपाली काँग्रेस | चमेली सुनार | महिला | २२ | निर्विरोध |
| गण्डकी प्रदेश | गोरखा | चुम नुब्री गाउँपालिका | १ | महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | दिक्षिण डोमा लामा | महिला | ३७ | निर्विरोध |
| गण्डकी प्रदेश | गोरखा | चुम नुब्री गाउँपालिका | १ | सदस्य | नेपाली काँग्रेस | कर्मा साम्डु लामा | पुरुष | ३२ | निर्विरोध |
| गण्डकी प्रदेश | गोरखा | चुम नुब्री गाउँपालिका | १ | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | पासाङ लामा | पुरुष | ३३ | निर्विरोध |
| गण्डकी प्रदेश | गोरखा | चुम नुब्री गाउँपालिका | २ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | लाक्पा डिकी वि.क. | महिला | ४८ | निर्विरोध |
| गण्डकी प्रदेश | गोरखा | चुम नुब्री गाउँपालिका | ६ | वडा अध्यक्ष | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | सरोज लामा | पुरुष | २७ | निर्विरोध |
| गण्डकी प्रदेश | गोरखा | चुम नुब्री गाउँपालिका | ६ | महिला सदस्य | नेपाली काँग्रेस | ढोलमा लामा | महिला | ४६ | निर्विरोध |
| गण्डकी प्रदेश | गोरखा | चुम नुब्री गाउँपालिका | ६ | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ठिन्ले घ्याम्छो लामा | पुरुष | ४६ | निर्विरोध |
| गण्डकी प्रदेश | गोरखा | चुम नुब्री गाउँपालिका | ६ | सदस्य | नेपाली काँग्रेस | सोनाम लामा | पुरुष | २९ | निर्विरोध |
| गण्डकी प्रदेश | मनाङ्ग | चामे गाउँपालिका | १ | वडा अध्यक्ष | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | खड्ग जङ्ग गुरुङ | पुरुष | ३४ | निर्विरोध |
| गण्डकी प्रदेश | मनाङ्ग | चामे गाउँपालिका | १ | महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | राज कासी गुरुङ | महिला | ५५ | निर्विरोध |
| गण्डकी प्रदेश | मनाङ्ग | चामे गाउँपालिका | १ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | अनिता वि.क. | महिला | २९ | निर्विरोध |
| गण्डकी प्रदेश | मनाङ्ग | चामे गाउँपालिका | १ | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | चिन वहादुर घले | पुरुष | ५३ | निर्विरोध |
| गण्डकी प्रदेश | मनाङ्ग | चामे गाउँपालिका | १ | सदस्य | नेपाली काँग्रेस | धन वहादुर गौचन | पुरुष | ४० | निर्विरोध |
| गण्डकी प्रदेश | मनाङ्ग | चामे गाउँपालिका | २ | वडा अध्यक्ष | नेपाली काँग्रेस | मंगल देव गुरुङ् | पुरुष | ३८ | निर्विरोध |
| गण्डकी प्रदेश | मनाङ्ग | चामे गाउँपालिका | २ | महिला सदस्य | नेपाली काँग्रेस | गममाया गुरुङ | महिला | ३३ | निर्विरोध |
| गण्डकी प्रदेश | मनाङ्ग | चामे गाउँपालिका | २ | दलित महिला सदस्य | नेपाली काँग्रेस | बुधमाया भन्ने नविना परियार | महिला | ३८ | निर्विरोध |
| गण्डकी प्रदेश | मनाङ्ग | चामे गाउँपालिका | २ | सदस्य | नेपाली काँग्रेस | महेन्द्र घले | पुरुष | ४१ | निर्विरोध |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| गण्डकी प्रदेश | मनाङ्ग | चामे गाउँपालिका | २ | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | माइता गुरुङ | महिला | ५१ | निर्विरोध |
| गण्डकी प्रदेश | मनाङ्ग | चामे गाउँपालिका | ५ | महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | फुल माया गुरुङ | महिला | ३८ | निर्विरोध |
| गण्डकी प्रदेश | मनाङ्ग | चामे गाउँपालिका | ५ | दलित महिला सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | विष्णु माया कामी | महिला | ४५ | निर्विरोध |
| गण्डकी प्रदेश | मनाङ्ग | नार्पा भूमि गाउँपालिका | | उपाध्यक्ष | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | मेङमर फुन्चो लामा | पुरुष | ३८ | निर्विरोध |
| गण्डकी प्रदेश | मनाङ्ग | नार्पा भूमि गाउँपालिका | १ | वडा अध्यक्ष | नेपाली काँग्रेस | फूर्पा ठेले लामा | पुरुष | ५२ | निर्विरोध |
| गण्डकी प्रदेश | मनाङ्ग | नार्पा भूमि गाउँपालिका | १ | सदस्य | स्वतन्त्र | खम्सुङ डिमा लामा | पुरुष | २५ | निर्विरोध |
| गण्डकी प्रदेश | मनाङ्ग | नार्पा भूमि गाउँपालिका | १ | सदस्य | नेपाली काँग्रेस | संगी फुर्पा लामा | पुरुष | २५ | निर्विरोध |
| गण्डकी प्रदेश | मनाङ्ग | नार्पा भूमि गाउँपालिका | २ | महिला सदस्य | स्वतन्त्र | डोल्मा छिरिङ लामा | महिला | ३७ | निर्विरोध |
| गण्डकी प्रदेश | मनाङ्ग | नार्पा भूमि गाउँपालिका | २ | सदस्य | स्वतन्त्र | कर्म छिरिङ लामा | पुरुष | ३४ | निर्विरोध |
